डा.रविन्द्र सिमखडा
MD,DM (Cardiology)
वरिष्ठ मुटुरोग विशेषज्ञ
सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र
काठमाडौंबाट
प्रत्येक महिनाको पहिलो शुक्रबार
सुरुङ्गा मेडिसिन एण्ड चन्द्रोदय क्लिनिक
कनकाई-३, सुरुङ्गा प्राथमिक स्वास्थ्य केन्द्र अगाडि
फोन : ०२३-५५१०९७/ ९८०४९६४१०७

नागरिकप्रति समर्पित
प्रेस काउन्सिलबाट “क” वर्गमा वर्गीकृत
कनकाई
www.kanakaionline.com
साप्ताहिक

सुनिश्चित बालमैत्री बानी व्यवहार, सुखी र सम्वृद्ध कनकाईको आधार ।
सबैले आआफ्नो जिम्मेवारी पूरा गरौं, कनकाई नगरलाई बालमैत्री बनाऔं ।।
कनकाई नगरपालिका
कनकई (झापा)

वर्ष : ५ ॥ अंक : ४५ ॥ पूर्णाङ्क : ४०३ ॥ ॥ वि.सं. २०८१ साउन २७ गते आइतबार (11 Aug. 2024, Sunday) ॥ ॥ पेज : ४ ॥ मूल्य : रु. १०।-

भक्तजनको आकर्षण बन्दै कन्काई आरती

कनकाई । झापाको पवित्र कन्काईमाई कोटीहवनमा साउन महिनाको हरेक सोमबारका दिन जल चढाउन आउने भक्तजनलाई लक्षित गरी कनकाई आरती शुरु गरिएको छ। कनकाई आरती यस क्षेत्रमा छोटो समयमा नै भक्तजनका लागि लोकप्रिय बनेको छ ।

तेस्रो सोमबार समेत कन्काईधाम कोटीहोम परिसरमा कन्काई आरतीसहित भजनकीर्तनको कार्यक्रम आयोजना गरिएको थियो । गंगा आरतीकै शैलीमा गरिएको यस कनकाई आरती कन्काई कोहीहवन क्षेत्रमा आउने भक्तजनहरुको आकर्षणको केन्द्र बनेको थियो ।

झापाकै तालिमप्राप्त ३ जना साधकलाई हरेक सोमबार कनकाई आरती गर्न लगाइएको र देशकै चर्चित भजन गायकहरुबाट मन्दिर परिसरमा भजनकीर्तन र शिव ताण्डव नृत्यको समेत आयोजना गरिरहेको कन्काई धाम धार्मिक विकास संस्थाका अध्यक्ष शेरबहादुर थापाले बताउनुभयो ।

यता, पूर्वको प्रशिद्ध तीर्थस्थल सताक्षीधाममा बिहानैदेखि जल चढाउन भीड लागेको छ। सोमबार नै भक्तजनहरुका बीचमा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्की, प्रदेश सभा सदस्य राधाकृष्ण खनाल, शिवसताक्षी नगरपालिकाका नगरप्रमुख मेगाहाङ्ग थोप्रा, उपप्रमुख नरमाया कार्की लगायतको उपस्थितिमा शिवलिङ्गमा जल चढाएर पुजा आराधना समेत गरिएको थियो ।

साउन महिना भगवान शिवको महिना र सोमबार भगवान शिवजीको प्रिय बार भएकाले व्रत बस्ने परम्परा छ। यस दिन विशेष रूपमा आशुतोष भगवान्दशिवको पूजा आराधना गरिन्छ।

सोमबार नै झापाका अन्य तीर्थस्थलहरुमा बिहानैदेखि देशभरका शिवालयमा पूजाअर्चना गर्न भक्तजनहरूको घुइँचो लाग्ने गरेको छ। यस दिन विशेषरुपमा आशुतोष भगवान शिवको पूजा आराधना गरिन्छ। नेपालमा सौरमास अनुसारका सोमबार नै व्रत गर्ने परम्परा छ।

सोमबारको दिनमा महिलाहरूले विशेषगरी हरियो रङका वस्त्र, चुरा र मेहन्दी लगाएर भगवान् शिवको पूजा तथा आराधना गरी व्रत बस्ने चलन रहँदै आएको छ। उक्त कार्य गर्नाले मनोकांक्षा पूरा हुने धार्मिक विश्वास छ।

सोमबारको उपवासले मानिसको इच्छा अनि आकंक्षा पूरा गर्ने विश्वास रहिआएको छ। त्यस्तै, ज्ञान प्राप्ति हुन्छ। अविवाहित स्त्रीले असल पति पाउँ भन्ने आशाका साथ पनि सोमबार व्रत बस्ने चलन बढी छ।

सुरुङ्गा ड्राइभिङ सेन्टरले निःशुल्क ड्राइभिङ सिकाउने

सुरुङ्गा। यहाँस्थित सुरुङ्गा एण्ड दोमुखा ड्राइभिङ सेन्टरले कनकाई नगरपालिकाका गरिब तथा अशक्त, आदीवाशी जनजातिहरुलाई छनोट गरी हरेक वर्ष निःशुल्क ड्राइभिङ सिकाउने भएको छ।

सुरुङ्गामा पत्रकार सम्मेलन गरी उक्त निःशुल्क ड्राइभिङसहितका अन्य नगरबासी तथा झापा जिल्लाबासीलाई लक्षित विभिन्न कार्यक्रमहरुको घोषणा सुरुङ्गा ड्राइभिङ सेन्टरका सञ्चालक सूर्यप्रसाद चम्लगाईले गर्नुभयो।

जसमा कनकाई नगरपालिकाका ९ वटै वडाबाट छनोटमा पर्नुभएका गरिब, असक्त असहाय तथा आदिबासी जनजातिहरुलाई हरेक वर्ष ३ लाख रुपैयाँ बराबरको निःशुल्क ड्राइभिङ तालिम निःशुल्क गराउने घोषणा गरिएको छ।

यस वर्षबाट शुरु गरिएको उक्त तालिमबाट उत्कृष्ट ६ जनालाई रोजगारीको समेत व्यवस्था ड्राइभिङ सेन्टरले गरिदिने सञ्चालक चम्लागाईले बताउनुभयो । कनकाई नगरपालिका क्षेत्रका निःशुल्क तालिम लिनका लागि भने

➔ बाँकी ३ पृष्ठमा...

नेपाल सरकारबाट अनुमती प्राप्त
ड्राईभिङ सेन्टर सुरुङ्गा
कनकाई-३, सुरुङ्गा पुल, झापा

अब हरेक कक्षामा २५% छुटको प्रबन्ध छ
११ र १२ को परिक्षा दिएर बसेका विद्यार्थीहरुलाई ५० % छुटको व्यवस्था छ ।
प्रो. सूर्यप्रसाद चम्लागाई 9814900756,9843961707

केरा पकाउने मेसिनले काम नगर्दा कृषकको लाखौंको क्षति

सुरुङ्गा। झापाको झापा गाउँपालिका-३ स्थित साधना संस्कृति नमुना कृषि प्रालिको केरा पकाउने मेशिन राइपनीङ चेम्बरले काम नगर्दा यहाँ उत्पादित लाखौंको केरामा क्षति पुगेको छ।

चेम्बरमा पकाउन हालिएका एक हजार चार सय सैतीस घरी केरामा क्षति पुग्दा करिब नौ लाख चौतीस हजार पचास रुपैयाँ बराबरको क्षति भएको कृषकको गुनासो रहेको छ। चेम्बरमा विद्युतिय समस्या भएर चेम्बर बन्द हुँदै चल्दै गर्दा केरामा क्षति पुगेको साधना संस्कृति नमुनाका अध्यक्ष लक्ष्मी तिम्सिनाले बताउनुभयो।

तिम्सिनाका अनुसार केराको काँचो तथा पाकेको घरीमा क्षति पुगेर कामै नलाग्ने भएको छ। ‘२५ लाख खर्चेर राइपनिङ चेम्बर त बनाइयो, तर अहिले नौ लाख बढीको क्षति हुँदा समस्यामा परियो’, तिमसिनाले भन्नुभयो ।

यस कम्पनीले बिगत लामो समयदेखि झापा गाउँपालिकामा केरा खेती गर्दै आएको छ। करिब ३० बिगाहमा फैलिएको केरा खेतीमा यहाँ उत्पादित केरा भाटभटेनीका कोशी प्रदेश शाखाहरु, बिर्तामोड, दमक, सुरुङ्गा लगायत क्षेत्रहरुमा बिक्री हुँदै आइरहेको छ भने यस क्षेत्रका कृषकहरु संगठित रुपमा केरा खेती गर्दै आइरहेका छन्।

कनकाईमा फोहोर नउठ्दा...

सुरुङ्गा। झण्डै दुई सातादेखि यहाँस्थित कनकाई नगरपालिका क्षेत्रमा कुहिने तथा नकुहुने फोहोर नउठ्दा विभिन्न संक्रामक रोगको जोखिम बढेर गएको छ। लामो समयदेखि बजार क्षेत्रको फोहोर नउठदा दुर्गन्ध फैलिएको स्थानीय पासाङ्ग शेर्पाले कनकाईलाई बताउनुभयो ।

कनकाई-३ टप्पुका काजी संग्रौलाले फोहोर उठाउने गाडी हरेक शुक्रबार आउने गरेकोमा ३ साता बित्दासमेत नआउँदा फोहोरकै कारण गाउँघरमा फोहोरजन्य रोगहरु फैलन सक्ने जोखिम बढेको बताउनुभयो ।

सुरुङ्गा बजारका कुमार पाठक होटलजन्य फोहोर लामो समयसम्म नउठ्दा झन दुर्गन्धले ग्राहक तथा होटलमा काम गर्ने कामदारलाई समस्यामा पारेको बताउनुभयो। फोहोर नियमित लैजाने ठाउँमा स्थानीयले गाली गलौज गर्दै आइन्दा यस्तो गनाउने फोहोर यता नल्याउनु भनेर धक्की दिन थालेपछि फोहोर फाल्ने ठाउँ नहुँदा फोहोर उठाउन नसकिएको कनकाई नगरपालिकाका सफाई कर्मचारीको भनाइ छ ।

कनकाई नगरपालिका लगायत छिमेकी पालिका र स्थानीयबासीको लगानी साझेदारीमा फोहोरलाई मोहोर बनाउने भन्दै कनकाई बिर्ता नवीकरणीय ऊर्जा शुरु गरिएको भए पनि त्यहाँ जोडने फोहोर छुट्टाउने मेशिन कमशल पर्दा काम हुन नसकेको बताइएको छ ।

यसबारेमा कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलले फोहोर संकलन केन्द्रमा केही व्यक्तिको अवरोध भएको बताउँदै एक पटकलाई सम्झाई बुझाई गरिसकिएको र

➔ बाँकी २ पृष्ठमा...

अब झापामै पहिलो पटक
पोखरेली ढुङ्गाबाट घर आँगनको सजावट


के तपाई घरको आँगन, गाडी राख्ने पार्किङ, मन्दिर, सार्वजनिकस्थल देखि लिएर घरको अगाडिको फेसमा मार्वल, टाली र रङको विकल्पमा पोखरेली ढुङ्गा लगाउने सोचमा रहनु भएको छ ? अब झापामा पहिलो पटक तपाईलाई हामी सेवा दिन लागिरहेका छौं ।
अब पुरानो घरमा समेत रङ लगाइरहने झन्झटबाट मुक्त हुन पोखरेली ढुंगा लगाएर ढुक्क हुनुहोस् ।

प्रो.लीलाराज झापाली । आइपी भट्राई
पोखरेली ढुंगा एण्ड होम डेकेरेशन
कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)
सम्पर्क : ९८५२६७३२०५/ ९८१६०६४०४४
हाम्रो शाखा कार्यालय बिर्तामोड र दमकमा पनि रहेको छ।
बिर्तामोड : शनिश्चरे रोड, दमक : क्याम्पस मोड

हार्दिक बधाई तथा आभार

यस विद्यालयबाट गत २०८१ बैशाखमा सञ्चालित कक्षा-१२ को बोर्ड परीक्षामा सामेल परीक्षार्थीमध्ये विज्ञानतर्फ सहभागी ३९ जनामा शतप्रतिशत, व्यवस्थापनतर्फ १०५ जना, शिक्षातर्फ २८ जना र मानविकीतर्फ ८ जना गरी जम्मा १८० जना अर्थात् ५२.७८% विद्यार्थी उत्तीर्ण भएकामा हार्दिक बधाईसहित उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं।

विज्ञान समूहबाट ३.६४ जीपीएसहित उत्तीर्ण हुने डिल्लीराम आचार्य (सन्तोष) र व्यवस्थापन समूहबाट ३.६३ जीपीए ल्याउने रोहन दाहाल र ३.६१ जीपीए ल्याउने अर्जुन खवासलाई विशेष बधाई।

विद्यालयको यो नतिजा ल्याउन महत्वपूर्ण भूमिका खेल्नुहुने सम्पूर्ण शिक्षक, कर्मचारी तथा अभिभावकलाई यही क्रमको निरन्तरताको अपेक्षा गर्दै विशेष धन्यवादसहित आभार प्रकट गर्दछौं।

चन्द्रप्रसाद प्रसाई
अध्यक्ष (विव्यस)

रमेश शेर्पा
अध्यक्ष (शिअसंघ)

कर्णबहादुर डाँगी
प्रधानाध्यापक

एमव् **कन्काई माध्यमिक विद्यालय परिवार**
सुरुङ्गा, झापा (सम्पर्क : ०२३-५५२१२५)

झापा कारागारको दुगन्र्धले स्थानीय प्रताडित

झापा । क्षमताभन्दा चार गुणा बढी कैदीबन्दी रहेको झापा जिल्ला कारागारबाट उत्पादन हुने फोहोर र प्रदुषणका कारण आसपासका बासिन्दा दुई दशकयता प्रताडित बनेका छन् ।

दैनिक कार्य अर्न्तगत कैदी बन्दीबाट उत्पन्न हुने फोहोजन्य पानी तथा दिसापिसाब व्यवस्थापनको निकास दिने ढल नहुँदा पूर्वपट्टि रहेका दुई दर्जन बढी घर परिवार दुई दशकबाट प्रत्यक्ष असर भोगिरहेको छन् भने सो बाटो भएर हिँड्डुल गर्नेहरु समेत दुर्गन्धका कारण हैरानी खेपिरहेका छन् ।

बिहान र बेलुका ध्यान, तप र योगाको नाममा विभिन्न धर्म मान्ने संघ-संस्थाका प्रतिनिधिहरूले गर्ने गरेका कार्यक्रमका आवाज बस्तीतिर फर्काएर माइक जडान गरिएका कारण आसपासका बासिन्दाले ध्वनी प्रदुषण सहनु परेको पीडित कविता नेपालले बताउनुभयो ।

हरेक दिन बिहान ४ बजेबाट कारागार भित्र बज्न सुरू हुने साउण्ड साँझसम्म पनि बज्ने गरेकोले गाउँमा असर परेको नेपालको गुनासो रहेको छ । कैदी बन्दीलाई सूचना दिने, मनोरञ्जन गराउने कार्यदेखि भजनकीर्तन, तथा विभिन्न गीतको चर्को स्वर हरेक दिन सुन्नु पर्ने बाध्यता गाउँलेमा रहेको स्थानीयको गुनासो छ । दुई दशकयता कारागारको अस्तव्यस्त फोहोर उचित व्यवस्थापनको माग गर्दै आएका पीडित स्थानीयले न्यायोचित समाधानको बाटो नपाएको भन्दै गुनासो गर्दै आएका छन् ।

२०६२ सालयता नेतृत्वमा पुगेका सबै सरकार प्रमुखसित स्थानीय बासिन्दाले कारागारको फोहोर पानीको व्यवस्थापनका लागि सहज निकासको माग राखेर पटक-पटक ध्यानाकर्षण तथा ज्ञापन-पत्र बुझाएका भए पनि सहस्या हल हुन नसकेको स्थानीयको गुनासो छ ।

कारागारबाट उत्पन्न हुने दिसाजन्य फोहोर पानीलाई व्यवस्थापन गर्न कारागार प्रशासनले केही वर्ष अगाडि उत्तरपट्टि एउटा शोष ट्याङ्की निर्माण गरेपनि ट्याङ्कीले मात्र फोहोर पानी रोक्न नसकेकोले बस्तीमा पानी पसेर डुबानको समस्या बढेको स्थानीय दुर्गा खड्काले बताउनुभयो ।

कारागारबाट दैनिक पाँच हजार लिटर भन्दा बढी फोहोर पानी निस्कने गरेको छ । यसैगरी मलमूत्रको हिसाव नै नभएको स्वीकार गर्ने कारागार प्रशासनले उचित पहल नगरेको पीडित स्थानीय नागरिकको गुनासो छ ।

जिल्ला प्रशासन कार्यालय, भद्रपुर नगरपालिका र अन्य निकायसँग हारगुहार गर्दा पनि केही नलागेको पीडित स्थानीय भिष्मराज भट्टराईले गुनासो पोखे । स्थानीयका अनुसार सो क्षेत्रमा फोहोरका कारण खेती बाली लगाउन सक्ने अवस्था अझैसम्म नरहँदा बिघौं जमिन बाँझिएको वर्षौं भएको छ ।

देखिने गरी दुई दर्जन घर फोहोरको डुवानमा परेका भए पनि कारागारको फोहोरजन्य पानीको अस्त व्यस्तताले झापाको सदरमुकाम आसपासका हजारौं नागरिकमा स्वास्थ्यप्रति नकारात्मक असर परिरहेको छ ।

झापामा डेंगुबाट शिक्षिकाको मृत्यु

झापा । झापा हल्दिबारी गाउँपालिका-४ की ४० वर्षीया अनिता पौडेलको डेंगु संक्रमणबाट मृत्यु भएको पुष्टि भएको छ ।

बीएण्डसी अस्पताल बिर्तामोडमा उपचाररत पौडेललाई अन्य समस्यासँगै डेंगु पोजिटिभ रहेको अस्पतालले जनाएको छ । सामान्य ज्वरो आएर उपचारको लागि प्रादेशिक अस्पताल, ओम साई अस्पताल हुँदै थप उपचारको लागि उनलाई बीएण्डसी अस्पताल लगिएकोमा उपचारकै क्रममा शुक्रबार मृत्यु भएको हो ।

मृतक पौडेल हल्दिबारी-३ मा रहेको चिल्ड्रेन गार्डेन अंग्रेजी विद्यालयमा शिक्षकका रुपमा कार्यरत रहनुभएको थियो । झापामा यस वर्ष पहिलो पटक डेंगु संक्रमणबाट मृत्यु भएको जनस्वास्थ्य कार्यालय झापाले जनाएको छ । गत वर्ष बीएण्डसी अस्पतालमै पाँच जनाको डेंगु संक्रमणबाट मृत्यु भएको थियो । करिब आधा दर्जन डेंगुका बिरामीहरु बीएण्डसी अस्पतालमा मात्रै हाल उपचाररत रहेको अस्पतालले जनाएको छ ।

कनकाईका जनप्रनिधिलाई न्याय मेलमिलाप तालिम

कनकाई । झापाको कनकाई नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा न्याय मेलमिलाप समितिमा सुचिकृत सदस्यहरुका लागि एक दिने कार्यसम्पादन सम्बन्धी पुनर्ताजगी प्रदान गरिएको छ ।

कनकाई नगरपालिकाको न्यायिक समितिको आयोजनामा आयोजित कार्यक्रममा न्याय सम्पादनलाई कसरी छिटो छरितो गर्ने र हाल देशमा रहेका विद्यमान न्याय सम्बन्धि व्यावस्था र कानुनी लडाईका प्रक्रियाका वारेमा सहभागिलाई पुर्नताजगी गराइएको कनकाई नगरपालिकाकी उपप्रमुख तथा न्यायिक समितिकी संयोजक आशाशर्मा शिवाकोटीले बताउनुभयो ।

तालिकमको सहजीकरण झापा जिल्ला न्यायधिस अशोककुमार बस्नेत, झापा बार एशोशिएशनका अध्यक्ष नारायण भट्टराईले नगर तथा वडामा हुने गरेको न्याय तथा मेलमिलाप कार्यसम्पादनका वारेमा सहजीकरण गर्नुभएको थियो ।

कार्यक्रममा सहभागी कनकाई नगरपालिका ३ का वडाध्यक्ष युवराज चौलागाईंले तालिमबाट सिकेका ज्ञानशीपले वडामा न्याय सम्पादनमा सहयोग पुगेको बताउनुभयो । तालिममा कानुनमा रहेका विद्यमान अवस्था, घरेलु हिंसा, हिसांका प्रकार, कानुनी उपचार विधि प्रक्रिया र निशुल्क कानुनी सहायता लगायातका विषयमा जनप्रतिनिधि, कर्मचारी र न्यायिक समितिका सदस्यहरुलाई प्रशिक्षण प्रदान गरिएको हो ।

कनकाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कनकाई झापाको घर नक्सा पासका लागि साँध संधियारका नाममा जारी गरिएको १५ दिने सूचना !

कनकाई नगरपालिका वडा नं. ४ बस्ने घरधनी उर्मिलादेवी कोइरालाले निजको नाममा दर्ता रहेको कित्ता नं. ८४६ क्षेत्रफल ००–०७–०० बिघा–कठ्ठा–धुर जमिनमा भवन निर्माण कम्पाउण्ड वालको नक्सा पास तथा निर्माण इजाजत प्रयोजनका लागि कनकाई नगरपालिकाको शाखा दर्ता नम्बर ७८७९०००१२१ मिति २०७९–०९–२४ मा प्रकाशित १५ दिने सन्धी सर्पन टाँस गरिएको र सबैका लागि यो १५ दिने सूचना पत्रिकामा प्रकाशित गरिएको छ ।

१) पूर्वपट्टि : सँधियार पोखरी स्कुल
२) पश्चिमपट्टि सँधियार : शाखा बाटो दिननाथ पौडेल
३) उत्तरपट्टि सँधियार : दिननाथ पौडेल
४) दक्षिणपट्टि सँधियार : तारा कुमार कार्की

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

विगत ३४ वर्षदेखि गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको, QAA प्रमाण पत्र प्राप्त

कनकाई बहुमुखी क्याम्पस सुरुङ्गामा

शैक्षिक-सत्र २०८१/०८२ का लागि BA/BSW, B.Ed र BBS प्रथम वर्ष मा अङ्ग्रेजी तथा नेपाली दुवै माध्यमबाट पठनपाठन हुने गरी भर्ना खुल्ला गरिएको सहर्ष जानकारी गराउछौं ।

भर्ना आवेदन फारम वितरण तथा विद्यार्थी भर्ना

२०८१ श्रावण २२ गतेदेखि भाद्र १४ गतेसम्म

अभिमुखीकरण तथा परिचयात्मक कार्यक्रम र पठनपाठन प्रारम्भ : २०८१ भाद्र १६ गतेदेखि

भर्ना आवेदन फारम वितरण तथा विद्यार्थी भर्ना धमाधम भैरहेको छ ।

हाम्रा विशेषताहरु

- न्यूनतम शुल्कमा क्षमतावान र तालिम प्राप्त प्राध्यापकद्वारा गुणस्तरीय तथा व्यावहारिक शिक्षा प्रदान गरिने ।
- सुविधा सम्पन्न पुस्तकालय, यातायातको सुविधा र प्राथमिक उपचारको व्यवस्था ।
- उत्कृष्ट, गरीव तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था
- विद्यार्थीको व्यक्तित्व विकास तथा रोजगारका लागि उचित परामर्श दिइने ।
- नियमित र व्यवस्थित आन्तरिक मूल्याङ्कन र पृष्ठपोषणको व्यवस्था
- स्वच्छ,शान्त, मनोरम तथा सिकाइ मैत्री वातावरण भएको ।
- विविध खेलकुद, अतिरिक्त क्रियाकलाप र अवलोकन भ्रमण गराइने ।

कनकाई बहुमुखी क्याम्पस
सुरुङ्गा, झापा

विस्तृत जानकारीका लागि
023-552853,9842786416,9816033919
9842655074,9816013355,9815958862

दैनिक कामको थकानले कतै घुम्न जाने सोच्दै हुनुहुन्छ ? साथीहरु र परिवारसंग आउनुहोस । रोमाञ्चक खेल र शान्त वातावरणको आनन्द लिनुहोस्।

Happy Dreams Chepti | माई नगरपालिका-२, इलाम

सूर्तीजन्य पदार्थको सेवन नगरौं

सूर्तीजन्य पदार्थको सेवनले :

✓ सेवनकर्तालाई प्रत्यक्षरूपमा,

✓ परिवारजन एवम् सम्पर्कका व्यक्तिहरुलाई अप्रत्यक्षरूपमा नकारात्मक प्रभाव पार्दछ,

✓ यसले स्वास्थ्य समस्याका अतिरिक्त पारिवारिक, सामाजिक, आर्थिक, वातावरणमा समेत नकारात्मक प्रभाव पार्दछ ।

त्यसैले सूर्तीजन्य पदार्थको सेवन नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुरुङ्गा मेडिसिन सेन्टर एण्ड चन्द्रोदय क्लिनिकमा उपलब्ध सेवाहरु

डा.रविन्द्र सिमखडा
MD,DM (Cardiology)
वरिष्ठ मुटुरोग विशेषज्ञ
सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र काठमाडौंबाट
प्रत्येक महिनाको चौथो शुक्रबार बेलुकी

डा.प्रभाकर शाह
MBBS,MS (Generalsurgeon)
वरिष्ठ जेनरल तथा ल्याप्रोस्कोपिक सर्जन तथा पाइल्स रोग विशेषज्ञ काठमाडौंबाट

डा.जयमणि श्रेष्ठ
MBBS,MD (Pediatric)
नवजात शिशु तथा बालरोग विशेषज्ञ
प्रत्येक दिन

डा. गौरब क्षेत्री
वरिष्ठ सुगर प्रेसर तथा किड्नी रोग विशेषज्ञ
प्रत्येक महिनाको दोस्रो र चौथो शनिबार

डा.शासक्त राज पोखरेल
MBBS,MD (Psychiatric)
वरिष्ठ मानसिक नसा तथा टाउको रोग विशेषज्ञ
प्रत्येक महिनाको दोस्रो र अन्तिम शनिबार

डा.सम्पन्न बुढाथोकी
MBBS,MD (Internal Medicine)
वरिष्ठ कन्सल्टेन्ट फिजिसियन
नोवेल अस्पताल विराटनगरबाट
प्रत्येक शनिबार

डा.सन्तोष थापा
MBBS,MS (Orthopedic Surgeon)
वरिष्ठ हाडजोर्नी,नसा तथा बाथरोग विशेषज्ञ, नोवोल अस्पताल विराटनगरबाट प्रत्येक शनिबार

डा.दिपायन पाण्डे
MBBS,MD (Dermatologist)
वरिष्ठ छाला,यौन तथा सौन्दर्य विशेषज्ञ प्रत्येक बिहीबार बिहान

डा. गौरीशंकर झा
एमबीबीएस एमएस
वरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञको दैनिक सेवा

डा. निरज रौनियार
एमविविएस एमएस
वरिष्ठ नाक, कान घाँटीरोग विशेषज्ञ
प्रत्येक शनिबार

डा: रामकृष्ण गिरी
वाथ तथा प्रतिरक्षा रोग विशेषज्ञ
हरेक महिनाको तेस्रो आइतबार

यहाँ दैनिक रुपमा एक्सरे, भिडियो एक्सरे, इसिजी सेवा उपलब्ध छ ।
अत्याधुनिक एनालाइजर ल्यावबाट रगत, खकार, दिसा, पिसाब, विर्य जाँच गरिन्छ ।

सुरुङ्गा मेडिसिन एण्ड चन्द्रोदय क्लिनिक
कनकाई-३, सुरुङ्गा प्राथमिक स्वास्थ्य केन्द्र अगाडि
फोन : ०२३-५५१०९७/ ९८०४९६४१०७

प्रकाशक/सम्पादक : लीलाराज झापाली (९८६२६१३१८८/९८१६०६४०४४) । सहसम्पादक : आईपी भट्टराई । अतिथि सम्पादक : द्रोण अधिकारी । सम्वाददाता : डीबी राई (सिलास) ९८०६००१५३५ । सल्लाहकार सम्पादक : घनेन्द्रराज खनाल । कार्यालय : कनकाई नगरपालिका-३, झापा । फोन : ०२३-५५२४२२
इमेलः lilarajjhapali@gmail.com मुद्रण : राजु अफसेट प्रेस (बिर्तामोड) । सज्जा : सन्तोष शर्मा, सुसन मिडिया प्रा.लि., बिर्तामोड (९८४४६८६९०६) ।

सम्पादकीय

डेंगु सचेतना र फोहोर व्यवस्थापनमा ध्यान देऊ

झापा लगायात देशका खासमा तराईको भागमा अहिले फोहोरजन्य पदार्थ र मछेडको टोकाईबाट हुन सक्ने डेंगुको उच्च जोखिम बढेर गएको छ। झापामा समेत एक शिक्षिकाको डेंगुकै कारण निधन भइसकेको छ। झापामा हरेक बर्षका झैं उच्च जोखिमका रुपमा रहेको डेंगु रोगथामका लागि पालिका र स्वास्थ्य संस्थाहरुले जुन रुपमा तयारी गर्नु थाल्नुपर्ने हो त्यो भने नगरेको पाइएको छ।

मछेड नियन्त्रण फोहोरमैलाको उचित व्यवस्थापन लगायतका क्षेत्रमा सबै नागरिक र सरकार मिलेर काम गर्नुपर्ने हो। अरुबेला विभिन्न सचेतनाका कार्यक्रम र सशक्तिकरणका कार्यक्रम गर्ने एनजीओ आइएनजीओहरुले समेत समाजलाई समस्या परेको बेला सचेतनाका कार्यक्रमहरु यसै बेलामा गर्दा थप मद्दत मिल्ने हो। नागरिक समाजले समेत यसबेलामा इमानदारिपूर्वक आफ्नो काम गनुपर्ने आवश्यकता रहेको छ।

यसै बेलामा कनकाई नगरपालिका क्षेत्रमा समेत लामो समयदेखि फोहोरमैला नउठिदिंदा यस गर्मीको सिजनमा डेंगु र हैजाको उच्च जोखिम बढेर गएको छ। फोहोर फ्याक्ने स्थानको समस्या लगायत जेजति प्राविधिक समस्याहरु छन्, सबै मिलेर समय छँदै यसको समाधानमा नगरपालिका र सरोकारवाला निकायहरु लाग्नु जरुरी देखिन्छ। स्वास्थ्य समाजले मात्रै देश र समाजका लागि केही गर्न सक्ने हुँदा फोहोरको राजनीति त्यागेर सफा समाज बनाउन हामी सबै लाग्नु जरुरी छ।

फोहोरको दिर्घकालीन समाधानका लागि आयोजित यस कनकाई–बिर्ता–नवीकरणीय ऊर्जालाई आफ्नो गतिमा चलाउन ढिलाई गर्नु हुँदैन यस कार्यमा सबैजनाले आ–आफ्नो क्षेत्रबाट पहल लिन जरुरी छ।

कनकाई...

पुनः अवरोध भएमा कानूनी उपचार खोजिने बताउनुभयो। 'नवीकरणीय ऊर्जाको मात्रै हामी भर परेका छैनौं, यसअघि फ्याक्दै आएको स्थान सामुदायिक वन क्षेत्रमा समेत ठुलो खाल्डो खनेर रेडी पारेका छौं, फोहोर उठ्छ', पोखरेलले भन्नुभयो।

इतिहास बोकेर आएको "पञ्चायती झापा"

■ द्रोण अधिकारी

विसं २००२ साल मङ्सीर २९ गते साँगादिन ताप्लेजुङ्मा जन्मिएका नकुलकाजी नेपाली साहित्य लेखनमा वि सं २०१९ सालमा यौवन तृष्णा कविता संग्रह मार्फत देखा परेका साहित्यिक सर्जक हुन्। पेशाले अजीवन पत्रकारिता रोजेका नकुल काजी झापाका शसक्त कलमजीवि पत्रकार रहेका छन्। काजी विज्ञान विषयमा स्नातक भए पनि नेपाली भाषा साहित्यको उत्थानमा जीवनको उत्तरार्ध चरणमा पनि उत्तिकै सक्रियताका साथ लागि रहेका छन्। २०१९ को यौवन तृष्णादेखि २०६९ सालको गणतन्त्र र गौंथलीको बाऊ (निबन्ध संग्रह) सम्म आइपुग्दा काजीले डेढ दर्जन पुस्तककार कृति नेपाली साहित्यलाई उपहार दिइ सकेका छन्।

काजीका हालसम्म प्रकाशित कृतिहरुको सूचिलाई हेर्ने हो भने यौवन तृष्णा (कविता संग्रह २०१९) जीवन प्रश्न (कथा संग्रह) , मुना (खण्डकाव्य २०२०) सागर (उपन्यास २०३५),समस्या (उपन्यास २०२५), शान्ति, (उपन्यास २०३६), गौरी (उपन्यास २०२७), विद्रोह बोल्छ (खण्डकाव्य २०३७), मेरो देशको कविता (कविता संग्रह २०३६), सगरमाथाको शान्ति सन्देश (२०३१), युद्धको दुर्व्यसन (कविता संग्रह २०६६) क्रान्तिको पहिलो चरण (उपन्यास २०६८) र गणतन्त्र, गौंथलीको बाऊ (निबन्ध संग्रह २०६९) र घरहरु भत्किरहेछन् (उपन्यास २०७१), भालुभुत्ते मपाइँ (हाँस्यव्यंग्य उपन्यास २०७७), राजनीति उगाल (हाँस्यव्यंग्य उपन्यास २०७८) र पञ्चायती झापा २०७८ संस्मरणात्मक लेख संग्रह जस्ता गहकिला कृति नेपाली साहित्य जगतमा आइसकेका छन्। यी बाहेक सनातन हिन्दू परम्परा अर्न्तगत रहेको प्रणामी संप्रदायको मूल ग्रन्थ पुनर लेखनदेखि विभिन्न सहायक ग्रथ आधादर्जन पुस्तक समेत प्रकाशित भएका छन्। झापाबाट पत्रकारिता सम्बद्ध स्थापित एस. एल. शर्मा सिर्जनशील पत्रकारिता पुरस्कार, केटो पत्रकारिता पुरस्कार, भद्रपुर नगरपालिकाबाट दीर्घ सेवा पत्रकारिता सम्मान लगायत आधा दर्जन बढी सम्मान र पुरस्कार प्राप्त गरेका कालीलाई कोशी प्रदेश सरकारले बरिष्ठ पत्रकारको सम्मान समेत गरेको छ।

नकुल काजीले वि.सं २०२७ सालदेखि झापा जिल्लालाई कर्मथलो बनाएर व्यवसायिक पत्रकारिता शुरू गरेर यही झापाली माटोमा व्यवसायिक पत्रकारिताको महा–विद्यालयका रूपमा झापाली पत्रकारितालाई स्थापित हुने वातावरण बनाउन पुगे। स्तरीय भाषा , चोटिलो व्यङ्ग्य, समसामयिक विकृति विसंगतिप्रति प्रहार गर्न खप्पिस काजी राष्ट्रवादी स्वर उराल्ने शसक्त सर्जकका रूपमा आफूलाई दर्ूयाउन सफल स्रष्टा हुन्। काजीको पछिल्लो कृतिका रूपमा पञ्चायती झापा झापाली राजनीतिको पञ्चायतकालिन अवस्थाको दस्तावेज बनेर आएको छ।

काजीले नेपाली राजनीतिको ३० वर्षे महत्वपूर्ण खण्डका रूपमा रहेको पञ्चायतकालको यथार्थ चित्रण गरेर संस्मरणात्मक शैलीमा ऐतिहासिक कृतिको प्रकाशन गरेका छन्। राजाको प्रत्यक्ष शासन मानिएको निर्दलीय पञ्चायत भित्र जनताका सेवक भएको प्रचार गर्दै पञ्चहरूले राजा र जनताको बीचमा कोरेको दूरी प्रष्ट पार्दै काजीले ऐतिहासिक कृति पाठक सामु ल्याएका हुन्। कृतिमा इतिहासका रूपमा रहेको पञ्चायतको शासन शैली कसरी चल्थ्यो ? दरवार जनताबाट कति टाढा थियो ? जनताका पक्षमा रहेका पञ्चहरूको हविगत कस्तो थियो ? सत्य बोल्ने वा सत्यमा रमाउने पञ्चले कतिसम्म प्रताडित भएर काम गर्नु पर्थ्यो जस्ता प्रश्नको उत्तरका रूपमा तयार भएको पञ्चायती झापा वर्तमान राजनीतिसंग पनि तुलना गर्दै संस्मरण गरेर तयार भएको कृति हो। खासगरी दुईतिहाईको नजिक रहेको केपी ओली नेतृत्वको कम्युनिस्ट भनिएको सरकारका काम र राजाको संरक्षणमा रहेको पञ्चायत सत्ताको शैली मिल्दो जुल्दो देखिएको तुलनात्मक प्रतिकृया लिएर आएको यस कृतिले सत्ता शासकको नहुने जनताको हुने सत्यलाई प्रष्ट्याउन खोजेको छ। पञ्चायत, प्रजातन्त्र पुनस्थापन काल र संघीय लोकतान्त्रिक गणतन्त्र कालसम्मको राजनीतिका विकृत पक्ष बिचमा तुलना गरेर तयार भएको यस कृतिले ४० वर्षको नेपाली राजनीतिका नकारात्मक प्रवृत्ति खोतल्ने प्रयास गरेको छ। पुस्तक भित्र पञ्चायतको पतन पञ्चभलाद्मी कहलिएका जनबिरोधी कार्यकर्ताको भुलभुलैयाका कारण भएको ठहर गरेको पुस्तकले पछिल्लो काल खण्डमा राजसंस्था र बहुदलीय प्रजातन्त्रको अस्तित्व समाप्त गर्न त्यही व्यवस्थाका चंखेचुरे नेता कार्यकर्ता जिम्मेवार रहेको समेत खुलासा गरेको छ।

पञ्चायती झापा
– नकुल काजी

पुस्तकका समीक्षक चुडामणि वशिष्ठका भनाइ जस्ताको त्यस्तै राख्दा–"कुनै पनि शासन व्यवस्था समाप्त हुँदै जानुका लक्षण के के हुन् भन्ने कुराको छनक दिँदै लेखकले पञ्चायतले बेलगाम छोडेका उद्दण्ड मण्डलेहरूसंग वर्तमान पार्टीहरूका छाडा तिग्रे, पाखुरे, कौडे–कन्दने, टपे–टाटे, जुल्फे–कुण्डले, झ्याप्ले–झोले र खोयेहरूसंग तादाम्य देखाएको छ।"

अर्का समीक्षक गोपाल गिरीका भनाइ समेटेका यी शब्द राख्दा–"ऐतिहासिक दस्तावेज रहेको पुस्तकले वि सं २०२८ सालको झापा काण्ड, सुखानी हत्या काण्ड, पाटा काण्ड, झोडा काण्ड, मेची पुल काण्ड जस्ता इतिहास समेटिएको पुस्तकमा कीर्ते–काइते, दलाहा–पेलाहा, सामन्ति, ढोँगी, छली, शोषक जस्ता दरवारियाको हुकुम फर्माउने काठमाण्डौलाई नेपाल मान्ने शाह र राणाका हुक्के लाउकेहरू चन्द्रगढीलाई झापा जिल्ला भनेर साँढे हुने प्रवृत्तिको चित्र उतारेको पुस्तक हो।

पुस्तकका समीक्षक द्वयका भनाइलाई आधार मान्ने हो भने पनि यो पुस्तक पञ्चायतकालिन झापाको शासकीय शैली प्रस्तुत गर्ने महत्वपूर्ण कृति हो। झापाको मुहारबाट नेपालको राज्य सत्ताको चित्र देखाउने यस पुस्तकले बितेर गएको राज्य प्रणालीले चलिरहेको राज्य व्यवस्थालाई समेत गिज्याउने अवस्था देखा पर्दै गएको संकेत दिएको छ।

११८ पृष्ठको १८ खण्डमा संरचित यस पुस्तकको भूमिका चूडामणि वशिष्ठ र गोपाल गिरीले तयार पारेका छन्। ३० वर्षे पञ्चायतकालीन झापा कस्तो थियो ? पञ्चहरू कस्ता थिए ? नेता कर्मचारीहरूले जनतालाई कसरी दुःख दिन्थे ? सामन्तीहरूको कीर्ते काइते, कानुनी जालझेल,शोषण-दमन कुन हलसम्मको थियो ? खमार काण्ड, पाटा काण्ड, झोडा काण्ड, सुखानी हत्या काण्ड के प्रयोजनका लागि कसरी घटित भएका थिए र त्यसको परिणाम के निस्क्यो जस्ता ऐतिहासिक सन्दर्भको इतिहास जान्न बुझ्न फलदायी पुस्तक बनेको छ।

२०३५ साल पछिका पुस्ताले पञ्चायतकाल सुने पनि स्मरण गर्न सक्ने गरी अनुभव गर्न पाएका थिएनन्। त्यो पुस्ताले यस पुस्तकमा पञ्चायत अनुभव गर्न पाउँने वातावरण काजीले तय गरिदिएका छन्। पञ्चायती झापाको आँखीझ्यालबाट त्यसवेलाको सिंगै देशको शासन व्यवस्थालाई नियाल्न सकिने यो पुस्तक रोचक भएको पाठकले अनुभव गर्ने छन्। लेखन शैली रोचक र घोचक दुवै रूपमा रहेको यस पुस्तकले नेपाली राजनीतिको महत्वपूर्ण काल खण्ड देखाउने प्रयास गरेको छ।

सयौं माओवादीमा प्रवेश

बिर्तामोड। जनता समाजवादी पार्टी नेपालको युवा संगठन समाजवादी युवा संघ नेपालका प्रदेश अध्यक्ष टाइसन केरुङ सहित विभिन्न पार्टीका सयौं कार्यकर्ता माओवादी केन्द्रमा प्रवेश गरेका छन्।

माओवादी केन्द्र प्रदेश कमिटीले बिर्तामोडमा एक कार्यक्रमको आयोजना गरी नवप्रवेशीलाई पार्टीमा स्वागत गरेको हो। पार्टी प्रवेश गर्नेमा समाजवादी युवा संघ नेपालका प्रदेश अध्यक्ष केरुङसहित प्रदेश उपाध्यक्ष दिपेन लिम्बु, सहसचिव दिपेन जबेगु, प्रदेश सदस्य तेन्जिङ लामा, नेपाली काँग्रेसका पूर्व महासमिति सदस्य राजभक्त योङ्या, नेकपा एमाले झापाका पूर्व जिल्ला कमिटी सदस्य छवि गहतराज, महिला उद्यमी जय सुब्बा, नर्वदा कार्की लगायत छन्। योङ कम्युनिस्ट लिग (वाइसीएल)को पहलमा कोशी प्रदेशका विभिन्न जिल्लाबाट सयौंको संख्यामा युवाहरू माओवादी केन्द्रमा प्रवेश गरेका हुन्।

पार्टी प्रवेश कार्यक्रममा बोल्दै टाइसन केरुङले आफूसँगै समाजवादी युवा संघ नेपालको सिङ्गो कमिटी माओवादीमा प्रवेश गरेको बताउनुभयो। माओवादी कमजोर हुँदा प्रतिक्रियावादीहरू सलबलाउन थालेको बताउँदै उहाँले संघीयता, धर्म निरपेक्षता, पहिचान लगायतका मुद्दा उठाउने पार्टीलाई सशक्त बनाउनका लागि आफूहरू माओवादीमा प्रवेश गरेको बताउनुभयो।

एमाले परित्याग गरी माओवादी केन्द्र प्रवेश गरेका छविराज गतराजले समावेशिता, संघीयता, धर्मनिरपेक्षता लगायतका मुद्दा माओवादी केन्द्रले उठाएको बताउँदै आफू माओवादी केन्द्रमा प्रवेश गरेको उल्लेख गर्नुभयो। उहाँले माओवादीलाई २०६४ सालको अवस्थामा पुर्याउन सबै सच्चा कम्युनिष्टहरू माओवादी केन्द्रमा गोलबन्द हुनुपर्ने बताउनुभयो।

नेपाली कांग्रेस परित्याग गरी पार्टी प्रवेश गरेका रामभक्त योङ्याले १९ वर्षपछि आफू आफ्नै घरमा फर्किएको बताउनुभयो। परिवर्तनको पक्षधर माओवादीप्रति ठूला दलले घेराबन्दी गरेको बताउँदै उहाँले पहिचान पक्षधर एकजुट हुनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रमका प्रमुख अतिथि नेकपा माओवादी केन्द्रका उपमहासचिव हरिबोल गजुरेलले झापामा २०६४ सालको अवस्था आउने बताउनुभयो। माओवादी जनयुद्धको नेतृत्व पश्चिमले गरेको बताउँदै अब समाजवादी क्रान्तिको नेतृत्व पूर्वले गर्ने उहाँले उल्लेख गर्नुभयो। २०७० सालमा संविधानमा माओवादीका एजेण्डा स्थापित हुन नदिनका लागि कांग्रेस र एमालेले सरकार बनाएको स्मरण गराउँदै उहाँले भन्नुभयो, ' त्यो बेला सदन र सडकबाट सङ्घर्ष गरेर हामीले अग्रगामी संविधान बनायौं। अहिले त्यो संविधानलाई परिवर्तन गर्नका निमित्त फेरि प्रमुख दुई दलले सरकार बनाएका छन्।' प्रचण्ड नेतृत्वको सरकारले भ्रष्टाचार लगायतका विषयमा जनपक्षीय काम गर्न थालेपछि राष्ट्रिय अन्तर्राष्ट्रिय दबाबमा दुई दल मिलेको उहाँले दाबी गर्नुभयो।

पार्टीका केन्द्रीय सदस्य तथा प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर आङ्बो मौसमले मुलुकको राजनीतिक परिवर्तन माओवादीकै कारण भएको बताउनुभयो। प्राप्त उपलब्धिको रक्षा गर्ने दायित्व पार्टीको रहेको बताउँदै उहाँले माओवादीलाई घेराबन्दी गर्न कांग्रेस एमालेले मध्यरातमा सहमति गरेको बताउनुभयो। कांग्रेस एमाले २०४७ को संविधान उल्टाउन लागेको बताउँदै उहाँले सडक र सदनबाट सशक्त आन्दोलन गर्ने बताउनुभयो।

पार्टीका प्रदेश अध्यक्ष हर्कबहादुर नेम्बाङ मिक्सोले यो पार्टी प्रवेश कार्यक्रम कास्टिङ मात्र भएको बताउँदै कांग्रेस एमालेका केन्द्रीय तहका नेतासहित ठूलो पंक्ति माओवादी केन्द्रमा प्रवेश गर्ने तयारीमा रहेको खुलासा गर्नुभयो। उहाँले भन्नुभयो, 'हामी निरन्तर छलफलमा छौं छिट्टै अर्को भव्य कार्यक्रम गरेर ठूलो संख्यामा पार्टी प्रवेश गराउने तयारी भइरहेको छ।'

प्रदेश उपाध्यक्ष विजय साम्पाङले सञ्चालन गरेको कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य हरिकुमार राना, सदस्य धर्मशीला चापागाईं, झापा संयोजक राजु आचार्य अग्नि, वाइसीएलका केन्द्रीय सचिव डम्बर पुलामी लगायतले नव प्रवेशीलाई पार्टीमा स्वागत गर्नुभएको थियो।

अलैंची पुनःरोपण अभियानले किसान उत्साहित

झापा। नेपालको प्रमुख नगदे कृषि बाली अलैंची उत्पादन हुने पूर्वी पहाडी जिल्लामा अलैंची पुनःरोपण अभियान सुरु गरिएको छ। विभिन्नखाले रोग, प्रकोप र वर्षौं पुराना बोट भएका कारण अलैंची खेती मासिँदै जाँदा किसानहरु निराश भइरहेका बेला पूर्वी पहाडी जिल्ला इलामबाट नयाँ प्रविधिमा आधारित अलैंची पुनःरोपण अभियान सुरु गरिएको हो।

कोशी प्रदेश, उद्योग कृषि तथा सहकारी मन्त्रालयको आर्थिक तथा अलैंची विकास केन्द्र फिक्कलको प्राविधिक सहयोगमा नेपाल अलैंची व्यवसायी महासंघले अभियानको संयोजन गरेको छ।

बिहीबार इलामको रोङ गाउँपालिका र शुक्रबार देउमाई नगरपालिकामा अलैंची विकास केन्द्रले टिस्यु क्लचर प्रविधिबाट उत्पादन गरेको स्वस्थ नयाँ विरुवा रोपण गरेर अभियान सुरु गरिएको नेपाल अलैंची व्यवसायी महासंघका अध्यक्ष निर्मल भट्टराईले जानकारी दिए। उनले इलाम अलैंचीको उद्गम जिल्ला भएको र विभिन्न रोगका कारण यसै जिल्लाबाट अलैंची मासिन थालेकोले पनि अलैंची पुनःरोपण अभियान यसै जिल्लाबाट सुरु गरिएको उनले बताए।

प्रदेश तथा स्थानीय सरकार, व्यवसायी, किसान तथा प्राविधिक क्षेत्रसमेत सबै सरोकारवालाको सहभागितामा यो अभियान सुरु भएकोले यसबाट प्रतिफल प्राप्त हुने विश्वास रहेको बताइएको छ।

कोशी प्रदेश उद्योग कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. लेखराज दाहाल, रोङ गाउँपालिकाकी उपाध्यक्ष विष्णुमाया खवास, देउमाई नगरपालिका, वडा नं ६ का वडाध्यक्ष सुरेन वस्नेत, ३ का वडाध्यक्ष पदम कटुवाल , नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य दीपक नेपाल, नेपाल अलैंची व्यवसायी महासंघका अध्यक्ष निर्मल भट्टराई, वरिष्ठ उपाध्यक्ष इन्द्रचन्द विन्दल, उपाध्यक्षहरु सुवास भट्टराई, मातृका घिमिरे, महासचिव नारायण चिमरिया, महासंघका सल्लाहकार पवन विन्दल, भरत चौधरी, अलैंची विकास केन्द्रका प्रमुख राजन परियारलगायतले संयुक्त रुपमा विरुवा रोपेर अभियानको शुभारम्भ गरेका थिए।

बिहीबार रोङ गाउँपालिकाको वडा नं ४ किटेनीस्थित सुम्निमा नर्सरी उद्योगमा नर्सरी विरुवा रोपण गरेर र शनिबार देउमाई नगरपालिका ६ मा स्थानीय सुरज वस्नेतको खेतमा उत्पादनयोग्य विरुवा रोपण गरेर अभियान शुभारम्भ गरिएको थियो। त्यहाँ संक्षिप्त औपचारिक कार्यक्रम आयोजना गरिएको थियो भने स्थानीय किसानहरुका समस्या र गुनासाहरु पनि संकलन गरिएको नेपाल अलैंची व्यवसायी महासंघका कार्यकारी अधिकृत अनिल ढुंगानाले बताए।

रोङमा अलैंची नर्सरीकै लागि महासंघको आर्थिक सहयोगमा निर्माण गरिएको टनेलमा नर्सरीकै लागि चारसय विरुवा रोपण गरिएको छ। यो नर्सरीबाट आगामी वर्ष चार हजार विरुवा उत्पादन हुने र सो विरुवा उत्पादनका लागि पुनः किसानहरुलाई वितरण गरिने अलैंची विकास केन्द्रका प्रमुख परियारले जानकारी दिए।

देउमाईमा अलैंचीका विरुवा रोपणका साथै स्थानीय किसानहरुलाई ४ हजार नयाँ विरुवा वितरण गरिएको थियो। परियारले टिस्यु कल्चर प्रविधिबाट अतयन्त सुरक्षित ल्याबमा तयार गरिएकोले यी विरुवा रोगमुक्त र बढी आम्दानी दिने किसिमको रहेको स्पष्ट पारे। उनका अनुसार केन्द्रले अहिले तयार गरेको विरुवाले आगामी ४०-५० वर्षसम्म आम्दानी लिन सकिनेछ। तर, किसानले रोपण प्रविधि, कल-सिम्चाइ र सरसफाइमा विशेष ध्यान पुर्‍याउनुपर्ने बताए। नेपालमा एक लाख किसान अलैंची खेती तथा व्यवसायमा आबद्ध रहेका छन्।

मन्त्रालयका सचिव डा. लेखराज दाहालले बिभिन्न कारणले मासिन लागेको अलैंचीले पुनःरोपण अभियानमार्फत पुनर्जीवन प्राप्त गर्ने विश्वास व्यक्त गरेका छन्। कोशी प्रदेशको आयको प्रमुख स्रोत पनि भउको अलैंचीको उत्पादन बृद्धि, मूल्य बृसद्ध र सहज बजारीकरणका लागि मन्त्रायलको तर्फबाट गर्नुपर्ने सबै काम गरिने पनि बताए। 'अलैंची साँच्चै खोल्साको सुन नै हा र कोशी प्रदेशका लागि वरदान पनि हो, यसलाई जीवन्त राख्नु हामी सबैको दायित्व हो', रोङमा आयोजित कार्यक्रममा सचि डा. दाहालले भने- 'अलैंची पुवर्द्धनका लागि हाम्रो मन्त्रालयले कुनै कसर राख्नेछैन।'

महासंघका अध्यक्ष भट्टराईले महासंघ किसानसँग प्रत्यक्ष जोडिएको संगठन भएकोले यसले किसानलक्षित कार्यक्रमहरुलाई जोड दिइरहेको पनि बताएका छन्। इलामबाट सुरु भएको यो अभियानले सुखद परिणाम दिएमा पूर्वदेखि-पश्चिमसम्मका अलैंची उत्पादन हुने जिल्लासम्म अभियान विस्तार गरिने पनि बताएका छन्।

यसैबीच यो अभियानप्रति किसानहरुले पनि खुशी व्यक्त गरेका छन्। रोङ गाउँपालिकाका किसान सोमराज लेप्चाले भने- 'अलैंची मासिरएर निराश बनेका किसानमा रोगमुक्त विरुवा रोपणको यो अभियानले उत्साह जगाइदिएको छ। इलाममा फेरि अलैंचीका बोटहरुले हरियाली छाउनेछ, किसानको आम्दानी बढ्नेछ।'

यसैगरी, देउमाइका किसान धनसिंह राउतले पहिलोचोटि सरोकारवालाहरु एकैसाथ किसानको बारीमा पुगेको देखेको बताउँदै यसले किसानमा उत्साह थपेको बताए। रोगमुक्त र स्वस्थ नयाँ विरुवा रोपणबाट उत्पादनमा बृद्धि हुने अपेक्षा गरिएको बताउँदै उनले बेला-बेलामा प्राविधिक सहयोग पाउनुपर्ने आग्रह गरे।

कूल १९ हजार हेक्टरमा उत्पादन हुने अलैंचीबाट वार्षिक ७ देखि ८ अरब रुपैयाँ नेपाल भित्रिने गरेको छ। अघिल्लो वर्षदेखि मूल्य पनि बृद्धि भएकोले अलैंची उत्पादनमा पुनः किसानहरु जागरुक देखिएका छन्।

सताक्षीधाममा मन्त्री कार्कीद्वारा अवलोकन

शिवसताक्षी । झापाको प्रशिद्ध तीर्थ स्थल सताक्षीधाममा आज प्रदेश मन्त्री एकराज कार्की तथा प्रदेश सांसद राधाकृष्ण खनालले स्थलगत अनुगमन गर्नुभएको छ ।

कोशी प्रदेशका खानेपानी, सिचाई तथा ऊर्जा मन्त्री कार्कीले सताक्षीधाम परिसर भित्र सताक्षी खोला नियन्त्रणका लागि स्थलगत अनुगमन गर्नुभएको हो । पछिल्लो समय धार्मिक क्षेत्र सताक्षीधाममा सँगै रहेको सतासी खोलाले कटान सुरु गरेसँगै धाम संकटमा पर्दै आएको छ ।

उक्त क्षेत्रमा दीर्घकालिन तटबन्धन निर्माण गर्न कोशी प्रदेशका मन्त्रीसहितको टोलीले स्थलगत अनुगमन गरेको सताक्षीधाम पर्यटन विकास समितिका अध्यक्ष तुला बोखिमले जानकारी दिनुभयो ।

अवलोकनका क्रममा मन्त्री कार्कीले तटबन्धन धेरै गर्नुपर्ने भएकाले डिपिआर तयारी गरी काम अगाडी बढाउने बताउनुभयो । उहाँले भन्नुभयो, ‘ अहिले वर्खाको समय भएकाले अस्थायी रुपमा तटबन्ध गर्नु पर्ने आवश्यक भए तत्कालका लागि रोकथाम गरौं ।’

दीर्घकालिन तटबन्ध ठूलो रकम आवश्यक पर्ने भएकाले डिपिआर तयार गरी प्रकृया अगाडी बढाउने उहाँको भनाइ थियो । गोवर्द्धन गोलोकका संरक्षक तथा अध्यक्ष नन्दकिशोर भारद्वज र धामका अध्यक्ष बोखिमले मन्त्री कार्कीलाई धामका समस्याहरुका बारेमा जानकारी गराउनु भएको थियो ।

टोलीले सताक्षीधाम परिसरमा निर्माण हुँदै गरेको ८७ धाराको समेत अवलोकन गरेको थियो । सताक्षीधामको पूर्व पट्टी सतासी खोलामा श्रद्धालु भक्तजनहरुलाई स्नान गर्न बनाउन सुरु गरिएको धारा निर्माणको काम अन्तिम चरणमा पुगेको सताक्षीधाम धार्मिक तथा पर्यटन विकास समितिको सचिव कालीप्रसाद रिजालले जानकारी दिनुभयो । उहाँका अनुसार हाल निर्माण गर्दै आएका धाराहरु भक्तजनहरु र विभिन्न व्यक्तिहरुले एक धारा बराबार २५ हजार रकम सहयोगबाट निर्माण हुँदै आएको छ ।

अनुगमनमा शिवसताक्षी नगरपालिकाकी उपप्रमुख नरमाया कार्की, वडाध्यक्ष बहादुर आङ्गबो, नेकपा एमाले प्रदेश कमिटी सदस्य चन्द्रकुमार शेर्मा, जिल्ला कमिटी सदस्य धनबहादुर थेवे, नगर कमिटी सचिव लक्ष्मी गुरागाईँलगायतको उपस्थिति रहेको थियो ।

सुरुङ्गा...

कारितास नेपाललाई यसको जिम्मा दिइएको समेत पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो ।

यसैगरी, ड्राइभिङ सेन्टरले यसै वर्षबाट जिल्लाभरमा कोही पनि नागरिक सडक दुर्घटनामा परेको खबर भएमा अस्पतालसम्म निःशुल्क पुर्याउने र अस्पतामा रगतको आवश्यकता परेको खण्डमा समेत सो समेत उपलब्ध गराइने पत्रकार सम्मेलनमा जानकारी गराइएको छ ।

विगत १६ वर्षदेखि सञ्चालनमा आएको यस सुरुङ्गा एण्ड दोमुखा ड्राइभिङ सेन्टरमा नियमित रुपमा सवारी सिक्नेहरुको रक्त समूह समेत जानकारी हुने हुँदा मिलेसम्म रगतको समेत बिरामीलाई उपलब्ध गराउने जानकारी पत्रकार सम्मेलनमा गराईएको छ ।

हालसम्म उक्त ड्राइभिङ सेन्टरले ३ हजार बढीलाई विभिन्न सवारीको तालिम दिई स्वदेश तथा विदेशमा दक्ष ड्राइभर बनाएर रोजगारी तथा आर्फैंसमेत सवारी चालक बनिसकेको अवस्था रहेको सञ्चालक चम्लगाईले बताउनुभयो । यस ड्राइभिङ सेन्टरको आफ्नै प्रयोगात्मक स्थल कनकाई-२ स्थित सुरुङ्गा पुलमा रहेको छ भने कार्यालय सुरुङ्गास्थित धनुषकोटी मार्गमा रहेको छ ।

पत्रकार सम्मेलनको सहजीकरण अभिषेक मिश्रले गर्नुभएको थियो । यसरी यस क्षेत्रमा रहेका हरेक निजी तथा सामुदायिक संघसंस्थाले समेत आफूले केही न केही सकेको लगानी गरेर स्वरोजगारमा मद्दत गर्ने हो भने यस कार्यले कालान्तरमा राम्रो फाइदा समाजलाई पुग्ने थियो ।

मोबाइलको लतबाट बालबालिकालाई बचाऔं

- मोबाइलको लत लागेका बालबालिकामा निन्द्रा ढिलो लाग्ने, गहिरो निन्द्रा नलाग्ने र पटक पटक ब्युझँने समस्या देखिन सक्छ,
- मोबाइलको लतले बालबालिकाको मस्तिष्क विकासमा नै असर पुऱ्याउन सक्छ,
- मोबाइल देखाएर खाना खुवाउनाले बालबालिकालाई खानाको स्वाद थाहा नहुन सक्छ,
- यसले पाचन प्रणालीमा समस्या हुन सक्दछ,
- उनीहरूलाई कुराकानी गरेर, डुलाएर, गीत गाएर तथा उनीहरूको हाउभाउमा प्रतिक्रिया जनाउँदै खाना खुवाऔं,
- अभिभावकले अत्याधिक मोबाइल चलाउँदा बालबालिकालाई मोवाइलको लत बस्न सक्दछ, **त्यसैले अभिभावकले मोवाइलको कम प्रयोग गरौं ।**

झापा गाउँपालिका
झापा

क्यान्सर रोग लाग्नबाट बच्ने उपाय

- मदिरा, धुम्रपान तथा सूर्तिजन्य वस्तु सेवन नगरौं,
- खानपानमा ध्यान पुऱ्याऔं,
- पर्याप्त व्यायाम गर्ने गरौं,
- सक्रिय जीवनशैली अपनाऔं,
- बोसोयुक्त मासु नखाऔं,
- तारेको, झानेको, पोलेको खाना नखाऔं,
- गालेका तथा पुराना अचार कम खाऔं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं,
- सरसफाईमा विशेष ध्यान दिऔं।

रोङ गाउँपालिका
रोङ, इलाम

बन्द छाडेर अन्तक्रिया

सुरुङ्गा । पहिचानको मुद्दालाई एकीकृत भएर उठाउने उदेश्यले तीन वटा पार्टी एकीकरण भएर बनेको नेपाल जनमुक्ति पार्टीले झापाको कनकाई नगरपालिकास्थित सुरुङ्गामा अन्तरक्रिया कार्यक्रम गरेको छ। पहिचान तथा स्वायत्तताको आन्दोलन र बि.सं. १८३१ को तत्कालिन गोर्खा राज्य र लिम्बुवानबीच भएको नुनपानी सन्धिको विषयमा मंगलबार पार्टीले अन्तरक्रिया गरेको हो ।

लिम्बुवानसहितका पहिचानवादी पार्टीहरुले स्वायत्तताको आन्दोलन र बि.सं. १८३१ को तत्कालिन गोर्खा राज्य र लिम्बुवानबिच भएको नुनपानी सन्धि कार्यन्वयन नगरेको भन्दै साउन २२ गतेको दिनलाई कालोदिनको रुपमा लिँदै प्रत्येक बर्ष नेपाल बन्दको आह्वान गर्ने गरेका थिए । तर, यस वर्ष भने उक्त दिनको अवसर पारेर अन्तरक्रिया आयोजना गरिएको पार्टीका केन्द्रीय सचिव एलबी पालुङ्वाले जानकारी दिनुभयो। साउन २२ गतेलाई २०६६ सालदेखि कालोदिनको रुपमा लिदै प्रत्येक बर्ष लिम्बुवानजन्य पार्टीहरुले बन्द घोषणा गर्दै आएका थिए ।

राष्ट्रिय जनमुक्त पार्टी, संघीय लिम्बुवान पार्टी नेपाल र लिम्बुवान राष्ट्रिय समिति (लोसपा) बीच ६ बुँदे सहमतिपछि पार्टीको नाम नेपाल जनमुक्ति पार्टी भएको गत साउन १६ गते बिर्तामोडमा घोषणा गरिएको थियो। नेपाल जनमुक्ति पार्टी किरात लिम्बुवान खम्बुवान प्रदेश समितिको आयोजनामा भएको अन्तरक्रिया कार्यक्रमको ब्यवस्थापन जिल्ला समिति झापाको रहेको थियो। नेपाल जनमुक्ति पार्टी किरात लिम्बुवान खम्बुवान प्रदेश समितिका अध्यक्ष पर्शुराम मगरको अध्यक्षतामा भएको कार्यक्रममा पार्टीका नेता सन्जुहाङ पालुङ्गाको प्रमुख आतिथ्य रहेके थियो।

स्वागत पार्टीका केन्द्रिय उपाध्यक्ष भक्त खेवाङले गरेको कार्यक्रममा उपमहासचिव बिष्णु थाम्देनलले प्रस्तुत गरेको पार्टीको कार्यपत्र तथा अवधारणका विषयमा बुद्धिजिवी देशु बनेमले टिप्पणी गर्नुभएको थियो ।

पार्टीको अवधारणाको बिषयमा टिप्पणी गर्दै बनेमले २०६४ चैत ६ गते सातै दलका नेतृत्वसँग बसेर भएको सहमति अझै कार्यन्वयन नहुनु दुःखको कुरा भएको बताए । बि.सं. १८३१ कै अवस्थामा सन्धी गर्न नसकिएपनि अहिलेको परिवेश अनुसार सन्धी पालना हुनु पर्ने उहाँको जोड थियो ।

उहाँले सबै राजनीतिक दलले १८३१ को सन्धीलाई स्वीकार गरेपनि कार्यान्वयन नगरेको तर्क गर्नुभयो । ‘राज्यमा स्वायत्तताको बहस चलिरेको छ’, नेता बनेमले भन्नुभयो, ‘राजनीतिक दलहरुले पनि लिम्बुहरुलाई मान्यता दिएरै भातृ संगठनहरु गठन गरेका छन् ।’

प्रमुख अतिथिको सम्बोधन गर्दै पार्टीका नेता सञ्जुहाङ पालुङ्वाले १८१४ मा लिम्बुको राजपाट कसैले खोस्ने छैन र १८३१ मा तिमीहरु सवै राज्यकै भएको लालमोहोर भएको बताउनुभयो ।

टिपोटकर्ता केन्द्रीय सचिव एलबी पालुङ्वा रहेका अन्तरक्रिया कार्यक्रममा बुद्धिजिवी टेकबहादुर खजुम, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका उपाध्यक्ष ज्ञानबहादुर इम्वाङ, केन्द्रिय सचिवालय सदस्य लाहानसिंह तुम्वापो, प्रदेश नं. १ पुनःनामाङ्करण सर्घष समितिका अध्यक्ष डकेन्द्र थेगिम, महासचिव रामभक्त कुरुम्वाङ, पहिचानवादी मोर्चाका केस केदार धिमाल, नागरिक मुक्ति पार्टीका सह-महासचिव दिलकुमार लावती लगायते धारणा राख्नुभएको थियो । कार्यक्रमको सञ्चालन नेपाल जनमुक्ति मोर्चाका कोशी प्रदेश सचिव कृष्ण थेवेले गर्नुभएको थियो ।

गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं ।

- ➔ गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन्,
- ➔ संक्रामक रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- ➔ संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- ➔ बासी तथा सडेगलेका खाना नखाऔं,
- ➔ घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं।

माई नगरपालिका
इलाम

दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छन् ।

त्यसैले :

- खोला, धारा वा मुलको पानी सिधै नपिऔं,
- पानी उमालेर मात्र पिऔं,
- उमाल्न सम्भव नभएमा शुद्धिकरण गरेर मात्र पिऔं,
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं,

शिवसताक्षी नगरपालिका
झापा

महिला हिंसा रोकौं : असल समाज निर्माण गरौं

- महिलालाई कुनै पनि प्रकारका मानसिक र शारीरिक पीडा हुने घटना महिला हिंसाका घटना हुन्।
- महिलामाथि हुने बलात्कार, घरेलु हिंसा, यौन उत्पीडन, एसिड आक्रमण, महिला शिशु हत्या, भ्रूण हत्या, प्रसूति हिंसा, दाइजोका कारण गरिने हिंसा, बोक्सीको आरोप, जबर्जस्ती विवाह, बालविवाह, बहुविवाह, कुटपीट, मानसिक यातना, धम्क्याउने, जिस्काउने जस्ता कार्य महिला हिंसा हुन्।
- यस्ता घटनाहरु नजिकका आफन्त तथा नातेदार, छिमेकी, साथीभाइ, सहकर्मी र अपरिचित व्यक्तिबाट प्रत्यक्ष वा सामाजिक सञ्जाल लगायतका माध्यमबाट समेत हुन सक्दछ।
- यस्ता घटना भएमा तत्काल प्रहरीमा खबर गरौं, त्यस्ता व्यक्तिलाई कानूनी दायरामा ल्याऔं।

कनकाई नगरपालिका
वडा नं. ५ को कार्यालय, कनकाई (झापा)

डेंगीबाट बचौं र बचाऔं

- ✓ उच्च ज्वरो आउनु ।
- ✓ जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- ✓ आँखाको गेडी दुख्नु ।
- ✓ अत्याधिक टाउको दुख्नु ।
- ✓ शरीरमा राता बिमिराहरु आउनु ।
- ✓ वाकवाकी लाग्नु वा वान्ता हुनु ।

यस्ता लक्षणहरू देखापरेमा डेंगी हुन सक्छ, तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

कनकाई नगरपालिका
वडा नं. ४ को कार्यालय, कनकाई (झापा)

तपाईको यो साता

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)
यो साता आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। मानसिक चिन्ता बढेपनि कार्यक्षेत्रमा प्रगति हुनेछ। प्रेमका कोपिलाहरू फक्रिएर जानेछन्। अध्ययनअध्यापनको क्षेत्र भने कमजोर रहन सक्छ। पारिवारिक सद्भाव पनि बढ्नेछ।

वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)
यो सातामा टाढिएका मित्रसँग नजिकिने समय छ। कुनै महत्त्वपूर्ण कामको जिम्मेवारी आइलाग्नसक्छ। प्रणयप्रसङ्गका लागि श्रेष्ठ समय रहेको छ। रोकिएका काम पुनः सुरु हुन सक्छन्। मध्य सातामा झन्झटिलो काममा संलग्न हुनुपर्ने समय छ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, हा)
यो साता बेसुरमा वचन दिने बानीले अप्ठ्यारो पार्न सक्छ। सरकारी निकायको भय रहला। कार्यमा सम्पादनमा समस्या आउला। प्रतिस्पर्धीहरूले तपाईको खुट्टा तान्ने प्रयास गर्नसक्छन्। साताको अन्त्यमा चुनौतीको सामना गर्नुपर्ला। मनमा दुबिधा पनि उत्पन्न हुनेछ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)
यो साता राजनैतिक तथा समाज सेवामा मन लाग्नेछ। इस्टमित्रहरूसँग मेलमिलाप हुनेछ। प्रतिष्ठित काम गरेर अवसर हात पार्ने समय छ। आफन्तसँग भेटघाट हुनेछ। नयाँ काममा हात हाल्ने समय छ। विशिष्ट व्यक्तिको सहयोग मिल्ला। प्रेममा सफलता पनि पाइनेछ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)
यो साता बुद्धिको उपयोग गर्दा जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्नेछ। मनमा हर्ष, उमङ्ग र उत्साह छाउला। नयाँ कार्यको योजना बन्ने र विभिन्न अवसर जुर्नेछ। प्रेमीबाट विशेष सहयोग मिल्नेछ। सामाजिक कार्यमा सफलता मिल्नेछ।

कन्या (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो)
यो हप्ता मित्रबाट विशेष सहयोग मिल्नेछ र साथी भाइको भेटघाटले मन प्रफुल्ल रहनेछ। प्रविधि मार्फत आफन्तसँग भेटघाट हुनेछ। राजनैतिक र वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ। साताको अन्त्यमा स्वास्थ्य बिग्रन सक्छ।

तुला (रा, रि, रु, रे, रो, ता, ति, तु, ते)
यो साता महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला। स्वास्थ्यप्रति सजग रहनुहोला अन्यथा धन खर्च हुनेछ। साताको अन्त्यमा आफन्तले सहयोग गर्नेछन्। घरमा अतिथिको आगमन हुनेछ। शुभ कार्यको चर्चा चल्नेछ। समाजसेवामा मन पनि लाग्नेछ।

वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)
यो साता कुनै कुराले मन प्रसन्न रहनेछ। राजनैतिक क्षेत्रको कार्य विस्तारै अघि बढ्नेछ। मित्र जनको साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुनेछ। शुभकार्यको चर्चा चल्नेछ। प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ।

धनु (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे)
यो हप्ता आफन्तहरूको सहयोगले कामहरू अगाडि बढ्नेछन्। स्वादिष्ट खानेकुरा पनि मिल्नेछ। नयाँ कार्यको चर्चा चल्नेछ। आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ। साताको अन्त्यमा भने आफूलाई कमजोर भएको अनुभूति हुनेछ

मकर (भो, जा, जि, जु, जे, जो, ख, खि, खु, खे, खो, गा, गि)
यो साता शुभ कार्यको चर्चा चल्नेछ। धर्म, तथा समाजसेवामा मन लाग्नेछ। इच्छा र आकात्क्षा पूर्ण हुनेछन्। भाग्योदय हुने योग छ। प्रेम र मित्रताको बन्धन कसिने बेला छ। न्यायिक र प्रशासनिक कार्यमा सफलता मिल्नेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा)
यो साता आफूलाई कमजोर भएको अनुभूति हुनेछ। अनावश्यक ठाउँमा धन खर्च हुन पनि सक्नेछ। मध्य सातामा धनार्जनका नयाँ योजनाहरू पत्ता लाग्नेछन्। शुभकार्यको योजना बन्नेछ। वैदेशिक क्षेत्रको काम विस्तारै अघि बढ्नेछ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि)
यो साता नयाँ कामको योजना बन्नेछ। आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। स्वास्थ्यमा सुधार आउनेछ। कृषि कार्यमा पनि सफलता मिल्नेछ। मध्य सातामा अनावश्यक ठाउँमा धन खर्च होला। आफूलाई कमजोर भएको अनुभूति हुनेछ।